# प्यूठान नगरपालिका

## प्यूठान नगर राजपत्र

खण्ड ३ भाग २ संख्या २४ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मितिः २०७६/७/२०

# प्यूठान नगरपालिका, नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना :**

नगर कार्यपालिकाबाट उपलब्ध प्रशासनिक सेवा, कर प्रणाली, फोहोर मैला व्यवस्थापन, विपद व्यवस्थापन साथै दमकल सेवालाई प्रभावकारी एवम् जवाफदेहीपूर्ण ढंगबाट आम नगरवासीमाझ सेवा पुर्‍याउन र नगरपालिकाको नगर प्रहरी सेवालाई अझ बढी प्रभावकारी तथा निष्पक्ष रुपमा पूर्ण क्षमताका साथ सञ्चालन गर्न उद्देश्यले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ मा भएको व्यवस्था बमोजिम प्यूठान नगर पालिकाद्वारास्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२ को अधिकार प्रयोगगरी सोही ऐनको दफा ११ बमोजिम नगर प्रहरी सेवालाई प्रभावकारी एवं व्यवस्थित ढङ्गले सञ्चालन गर्न यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "प्यूठान नगरपालिका,नगर प्रहरी व्यवस्थापन कार्यविधि,२०७६" रहेकोछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण भएपछिलागू हुनेछ ।

२. परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "प्रमुख"भन्नाले नगरपालिकाको प्रमुखलाई संम्झनु पर्दछ ।

(ख) "उप प्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(ग) "कर्मचारी भन्नाले" नगरपालिका र अन्तर्गत कार्यरत, संघीय तथा प्रदेश सरकारले पठाएको र नगरपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी, सेवा करार, करार सेवाका कर्मचारी समेतलाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका"भन्नाले प्यूठान नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) "नगर प्रहरी"भन्नाले नगरपालिकाको यसै कार्यविधि बमोजिम गठन र सञ्चालन भएका र हुने सबै नगर प्रहरीलाई सम्झनुपर्दछ ।

(च) "नगर प्रहरी निरीक्षक"भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तरगत अधिकृत छैठौं तहको अधिकृत कर्मचारी सम्झनु पर्दछ ।

(छ) "नगर प्रहरी नायव निरीक्षक" भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तरगत सहायक पाँचौ तहको कर्मचारी सम्झनु पर्दछ ।

(ज) "नगर प्रहरी सहायक निरीक्षक" भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तरगतको चौथो तहको कर्मचारी संम्झनु पर्दछ ।

(झ) "नगर प्रहरी अधिकृत" भन्नाले नगर प्रहरी निरीक्षक देखि नगर प्रहरी सहायक निरीक्षक सम्मको अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "नगर प्रहरी हवल्दार" भन्नाले नगर प्रहरी अन्तरगतको तेस्रो तहको नगर प्रहरी हवल्दारलाई सम्झनु पर्दछ ।

(ट) "नगर प्रहरी जवान"भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तर्गत दोश्रो तहको नगर प्रहरी जवानलाई सम्झनु पर्दछ ।

(ठ) "नगर प्रहरी सवारी चालक" भन्नाले भारी तथा हलुका सवारी चालक पदमा कार्यरत नगर प्रहरीसवारी चालक समेतलाई सम्झनु पर्दछ ।

(ड) "नगरपालिका"भन्नाले प्यूठान नगरपालिका सम्झनुपर्छ ।

(ढ) "प्रमुख" भन्नाले प्यूठान नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्यूठान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(त) "मन्त्रालय"भन्नाले स्थानीय तहहरुले संङ्घीय सरकार वा प्रदेश सरकारसमक्ष सम्पर्क गर्न तोकिएको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(थ) "मातहत दर्जा"भन्नाले नगर प्रहरी निरीक्षक भन्दा मुनिका अधिकृत र जवानलाई सम्झनु पर्दछ ।

(द) "वडा अध्यक्ष" भन्नाले प्यूठान नगरपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।





(ध) "वडा सदस्य"भन्नाले प्यूठान नगरपालिकाका सबै वडामा निर्वाचित सदस्यलाई सम्झनुपर्छ ।

(न) "वडा समिति" भन्नाले प्यूठान नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(प) "समान पद"भन्नाले पदपूर्तीको लागि विज्ञापन गरेको पदलाई सम्झनु पर्दछ ।

(फ) "संघीय ऐन"भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ब) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिकाको प्रमुख, उप प्रमुख तथा वडाअध्यक्ष समेतलाई जनाउछ ।

(भ) "सभा" भन्नाले प्यूठान नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

## परिच्छेद–२
## नगर प्रहरीगठन र सञ्चालन

३. प्यूठान नगरपालिका क्षेत्रभित्रस्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम नगर प्रहरी गठन र सञ्चालन हुनेछ ।

४. नगर प्रहरी प्रतीक र दर्ज्यानी चिन्ह : नगरकार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

५. नगर प्रहरीको दरबन्दी : प्यूठान नगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरी नगरसभाले अनुमोदन गरे बमोजिम हुनेछ ।

## परिच्छेद–३
## पदपूर्ति

६. पदको किसिम :नगर प्रहरी सेवामा देहायका पद रहनेछन् :

(१) नगर प्रहरी नायव निरीक्षक पाँचौ तह

(२) नगर प्रहरी सहायक निरीक्षक चौथो तह

(३) नगर प्रहरी हवल्दार तेस्रो तह

(४) नगर प्रहरी जवान दोश्रो तह

(५) नगर प्रहरी सवारी चालक श्रेणीविहीन /दमकल चालक



प्यूठान नगरपालिका

७. दफा ६ बमोजिमका नगर प्रहरी तथा दमकल सेवामा भई रिक्त हुने दर बन्दीमा यसै कार्यविधि बमोजिम सेवा करारमा मात्र नियुक्ति गर्न सकिनेछ ।

८. दफा ६ बमोजिमको नगर प्रहरी तथा दमकल सेवाका कर्मचारीहरुको वृत्ति विकास, तलव भत्ता तथा विभागीय कारवाही लगायतको व्यवस्था प्यूठान नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन २०७४ बमोजिम हुनेछ ।

९. पदपूर्ति :

(१)नगरपालिकाको रिक्त रहेको नगर प्रहरी अधिकृत, जवान तथा दमकल सेवासञ्चालन समेतका पदमा नगर कार्यपालिकाको कार्यालयलेसेवाकरार मा मात्र पदपूर्ति गरिनेछ ।

(२) रिक्त पदमा नियुक्ति हुनका लागि आवश्यक पर्ने न्यूनतम् योग्यता पदपूर्तिका निमित्त हुने विज्ञापनको तरिका, परीक्षासञ्चालन तथा छनौट विधि अनुसूची १,२ र ३बमोजिम हुनेछ ।

(३) रिक्त पदमासेवाकरार अन्तर्गत नियुक्ति गर्दा एक पदको लागि बढीमा १ वर्षसम्म मात्रसेवाकरारमा नियुक्ति गर्न सकिनेछ ।

(४) सेवा करारमा नियुक्त अधिकृत तथा मातहतका नगर प्रहरीको सेवा सन्तोषजनक भएमा उमेर हद नलागेसम्म आवश्यकता अनुसारनगर कार्यपालिकाले आपसी समझदारीमा म्याद थप गर्न सक्नेछ ।

(५) दफा ९ (३) बमोजिम नियुक्ती गर्दा हरेक आर्थिक वर्षका लागिकर्मचारीसँग सेवा करार संझौता गर्नु पर्नेछ ।

६) करारमा नियुक्ती भएका नगर प्रहरी र दमकल सेवाका कर्मचारीले सन्तोषजनक कार्य नगरे नगर कार्यपालिकाले जुनसुकै समयमा पनि करार भङ्ग गरी अवकास दिइनेछ ।

१०. उम्मेदवार हुनका लागि अयोग्यता : देहायका व्यक्ति नगरपालिकाको नगर प्रहरी पदमा उम्मेदवार हुन सक्ने छैनन् :

(क) गैर नेपाली नागरिक,

(ख) सहायक स्तरको पदको लागि अठार वर्ष उमेर पूरा नभएको,

(ग) अधिकृत स्तरको पदका लागि एक्काईस वर्ष उमेर पूरा नभएको,

(घ) यस कार्यविधिको योग्यता सम्बन्धी अनुसूचीमा भएको व्यवस्था बमोजिम नभएको ।

(ङ) नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी बलमा कारवाही परेको, सेवाबाट भागी कारवाहीको सूचीमा रहेको वा अन्य गैरकानुनी काममा





संलग्न रहेको ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार प्रमाणित भएको ।

(छ) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेको ।

(ज) भविष्यमा सरकारी सेवा वा नेपाल सरकारको स्वामित्वमा भएको संस्था वा विकास समितिको सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट बर्खास्त भएको ।

११. सेवा करारमा नियुक्ति गर्ने :

(१) नगर प्रहरीमा नगरपालिकाले स्वीकृत दरबन्दीमा सेवा करारमा नियुक्ति गर्नुपर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ८३ को उपदफा (८) र (९) बमोजिम मात्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त नगर प्रहरीको पारिश्रमिक, सुविधा र सेवाका शर्त नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

१२. निरोगिताको प्रमाणपत्र : सेवा करारमा नयाँ प्रवेश गर्ने नगर प्रहरीले सम्झौता पत्र पाउनु पूर्व स्वीकृत चिकित्सकबाट स्वास्थ्य परीक्षण गराई निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

१३. शपथ ग्रहण : नयाँ प्रवेश पाउने नगर प्रहरीले तोकिए बमोजिमको ढाँचामा नगरप्रमुख समक्ष प्रमुख प्रशासकीय अधिकृतद्वारा सपथ ग्रहण गराउनु पर्नेछ ।

## परिच्छेद-४
## सजाय र पुनरावेदन

१४. सजाय : उचित र पर्याप्त कारण भएमा नगर प्रहरीलाई देहायको सजाय गर्न सकिनेछ :

(क) सामान्य सजाय :

(१) सजग गराउने

(२) नसिहत दिने ।

(ख) विशेष सजाय :

(१) भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने ,

(२) भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य

ठहरिने गरी बर्खास्त गर्ने।

१५. **सजग गराउने वा नसिहत दिने** : देहायको कुनै अवस्थामा नगर प्रहरीलाई सजग गराउने वा नसिहत दिन सकिनेछ :

(क) काम सन्तोषजनक नभएमा ,

(ख) खटाएको स्थानमा म्यादभित्र कार्य गर्न नगएमा,

(ग) पूर्व स्वीकृति नलिई कार्यालयमा अनुपस्थित रहेमा,

(घ) अनुशासनहीन काम गरेमा ,

(ङ) ऐनमा उल्लेखित आचरण सम्बन्धी कुराहरु उल्लङ्घन गरेमा ,

(च) कार्यालयमा बुझाउनु पर्ने नगदी जिन्सी वा कागजात बरबुझारथ नगरेमा,

(छ) एक वर्षमा तीन पटक चेतावनी पाएमा ,

(ज) प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक सम्पादन नगरेमा ।

१६. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने** :

(१) देहायको कुनै अवस्थामा नगर प्रहरीलाई भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरीने गरी सेवाबाट हटाउन सकिनेछ ।

(क) कर्मचारीको अयोग्यताका कारणले आफ्नो पदको काम वा जिम्मेवारी पुरा गर्न नसकेमा,

(ख) आचरण सम्बन्धी कुरा वरावर उल्लङ्घन गरेमा,

(ग) कार्यालयको समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(घ) पटक/पटक अनुशासनहिन काम गरेमा,

(ङ) प्रत्यक्ष रुपमा राजनीतिमा भाग लिएमा,

(च) आफ्नो पदको जिम्मेवारी बराबर वेवास्ता गरेमा ,

(छ) बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा ।

(ज) आफूभन्दा माथिल्लो अधिकारीले दिएको आदेश पालना नगरेमा ।

(झ) मानसिक सन्तुलन गुमाएमा ।

(२) देहायको कुनै अवस्थामा कुनै पनि नगर प्रहरीलाई भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त गर्न सकिनेछ :





(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा ।

(ख) भ्रष्टाचार गरेमा सेवाबाट बर्खास्त गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१७. **सजाय दिने अधिकारी** : नगरपालिकाको प्रमुख प्रशासकीयअधिकृतले सामान्य सजाय दिन सक्नेछ । तर विशेष सजाय भने प्रमुखले मात्र दिन सक्नेछ ।

१८. **सजाय सम्बन्धी कार्यविधि** : सजाय दिने अधिकारीले कुनै नगर प्रहरीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई कारवाही गर्न लागिएको कारण उल्लेख गरी सूचना दिई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिंदा निजमाथि लगाइएको आरोप स्पष्टरुपले किटिएको हुनु पर्नेछ र त्यस्तो आरोप कुनकुन विषय र कारणमा आधारित छ सो समेत खुलाई निजसंग स्पष्टीकरण माग गर्नुपर्नेछ ।

१९. **सजायका आदेश दिनुभन्दा पहिले सूचना दिने** : दफा १८ बमोजिम मागिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्पष्टीकरण नै पेश नगर्ने नगर प्रहरीलाई सजायको आदेश दिनुभन्दा पहिले सजाय दिने अधिकारीले निजलाई दिन लागिएको सजायको सूचना दिई प्रस्तावित सजाय किन नदिने भनि पुनः तीन दिनको म्याद दिई निजसँग स्पष्टीकरण माग्नु पर्नेछ ।

२०. **निलम्बनको कारवाही** :

(१) नगरपालिकाको कुनै नगर प्रहरी माथि दफा १६ मा लेखिएको कुनै अभियोगको सम्बन्धमा जाँचबुझ गर्नुपरेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो नगर प्रहरीलाई सजाय गर्ने अधिकारीले निलम्बन गर्न सक्नेछ । तर देहायको अवस्था नभई साधारणतया निलम्बन गर्नु हुदैन :

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिदा झुट्टा सबुद प्रमाण सङ्कलन गर्न सक्ने वा आफु विरुद्धको सबुद प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा वा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा नगरपालिकालाई हानी नोक्सानी हुने सम्भावना देखिएमा ।

(२) नगर प्रहरीलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

(३) नगर प्रहरीलाई निलम्बन गर्दा साधारणतया तीस दिन भन्दाबढी निलम्बनमा राख्नु हुदैन । सो अवधिभित्र कर्मचारी उपरको छानविनको

कारवाही किनारा लगाउनु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारवाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि तीस दिनभन्दा बढी बढाउनु परेमा प्रमुखको पूर्व स्वीकृति लिई एक पटकमा दश दिनमा नबढाई बढीमा थपतीस दिनसम्मको लागि निलम्बनको अवधि बढाउन सकिनेछ ।

(४) फौजदारी अभियोगमा पक्राउ परी थुनामा रहेको नगरपालिकाको नगर प्रहरीलाई त्यसरी थुनामा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

(५) दफा २०(४) बमोजिमको कारवाहीमा परेको नगर प्रहरीले सफाई पाएमा मात्र निलम्बन अवधिको आधा तलब पाउनेछ ।

(६) कुनै नगर प्रहरी ३५ दिनभन्दा बढी थुनामा परे स्वतः निजको सेवा करार भङ्गभई सेवा मुक्त हुनेछ ।

२१. निलम्बनको समाप्ति :

(१) प्यूठान नगरपालिकाको कुनै निलम्बित नगर प्रहरी आफ्नो पदमा स्थापित भएपछि वा नोकरीबाट हटाइए वा बर्खास्त गरिएपछि निजको निलम्बन समाप्त भएको मानिनेछ ।

(२) कुनै नगर प्रहरी सेवामा पुनः स्थापित भएमा निजले निलम्बन अवधिको बाँकी तलब भत्ता पाउने छैन । तर कुनै कर्मचारी नगरपालिकाबाट भएको कारवाहीको फलस्वरुप निलम्बन भएको नभै अन्य कारणबाट निलम्बन भएको रहेछ भने पनि निजले त्यस्तो निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन् ।

२२. पुनरावेदन सुन्ने अधिकारी :

(१)दफा १५ बमोजिम सजाय गरेकोमा चित्त नबुझ्ने नगर प्रहरीले सजाय पाएको सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतमार्फत प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ र दफा १६ बमोजिमको सजाय गरेकोमा चित्त नबुझ्ने नगर प्रहरीले सजाय पाएको सात दिनभित्र प्रमुख मार्फत नगर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) पुनरावेदन सुन्ने अधिकारीले कुनै नगर प्रहरीले पाएको सजायलाई सदर बदर वा अदल बदल गर्न सक्नेछ ।

(३) पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय नै अन्तिम हुनेछ ।

२३. पुनरावेदनको कार्यबिधि : नगर प्रहरीले आफूलाई दिएको सजायको विरुद्ध पुनरावेदन दिनु परेमा देहायको कार्यबिधि अपनाउनु पर्नेछ ।





(क) पुनरावेदन आफ्नै नामबाट वा एकाघरको आमा, बुवा, श्रीमति, छोरा वा छोरीबाट गर्ने

(ख) पुनरावेदनमा आफ्नो सफाईका निमित्त जो भएको सबुद प्रमाण राखी उचित र आदर सूचक भाषामा लेखिएको हुनुपर्ने ,

(ग) जुन आदेशको बिरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पुरावेदनको साथमा राख्नु पर्ने,

(घ) सजायको आदेश पाएको सात दिनभित्र पुनरावेदन दिने ।

(ङ) सामान्यतयापुनरावेदनको निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्रमा पुनरावेदनको कारवाही किनारा लगाई सक्नुपर्नेछ ।

२४. पुनरावेदन पठाउने :

(१) पुनरावेदन गर्दा सजाय गर्ने अधिकारी मार्फत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन गरिएकोमा जुन अधिकारीको आदेश बिरुद्ध पुनरावेदन गरिएको हो त्यस्तो अधिकारीले पुनरावेदनमा उठाएका आधारका वारेमा आफ्नो राय तथा पुनरावेदनसँग सम्बन्धित आवश्यक कागजात सहित पुनरावेदन सुन्ने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

२५. नगरपालिकाको सेवामा पुनर्वहालीभएमा तलब र भत्ता पाउने : कुनै नगर प्रहरीलाई नगरपालिकाको सेवाबाट हटाउने वा बर्खास्त गर्नेगरी भएको आदेश पुनरावेदन सुन्ने अधिकारीबाट रद्ध भई त्यस्तो नगर प्रहरी नगर पालिकाको सेवामा पुनर्वहालीभएमा निजले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि नै तलबं भत्ता पाउनेछ ।

## परिच्छेद -५
## विदा

२६. नगर प्रहरीको सवै समय नगरपालिकाको अधिन हुने : नगर प्रहरीको सवै समय नगरपालिकाको अधिन हुनेछ र जुनसुकै समयमा पनि निजलाई नगर पालिकाले काममा लगाउन सक्नेछ ।

२७. कार्यालय समय, समय पालन र हाजिरीः

(१) नगर प्रहरीले संघीय र प्रदेश सरकारसाथै नगरपालिकाले तोकेको समयमा नगरपालिकाको कामकाजका निमित्त तोकेको कार्यालय समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयमा नआउने नगरपालिकाको

नगर प्रहरीलाई नगरपालिकाका प्रमुख प्रशासकीयअधिकृतले गयल गर्नेछ ।

(३) मुनासिव माफिकको कारण परेमा वाहेक विदाको निकासा नलिई कुनैपनि नगर प्रहरी आफ्नो कार्यालयमा अनुपस्थित हुनुहदैन् । कावु बाहिर को परिस्थिति परी अनुपस्थित हुने नगर प्रहरीले तीन दिनभित्र विदाको निवेदन दिनु पर्नेछ ।

२८. **विदाको सुविधा :**

(१) बिदा अधिकार नभई सुविधा मात्र हो ।

(२) नगर प्रहरीले सेवा करारमा कार्यरत रहदा नगर कार्यापालिकाबाट तोकिए अनुसारका विदाहरु पाउने छन् ।

२९. **बिदा माग गर्ने अवधि :**

(१) सकभर नगर प्रहरीले विदा स्वीकृत नगराई अनुपस्थित हुनु हुदैन,

(२) बिदाको निकासाका निमित्त नगर प्रहरीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई आफ्नो तालुक अधिकृतमार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नुपर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरीलाई दिनु पर्नेछ । तर कार्यालयलाई आवश्यक परेको अवस्थामा बिदामा बसेको नगर प्रहरीलाई नीजको स्वीकृत विदा रद्ध गराई काममा लगाउन सकिनेछ ।

३०. **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरीलाई गयल गर्न र तलब कट्टि गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुनेछैन ।

३१. **बिदाको अभिलेख :**

(१) बिदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने नगर प्रहरीको बिदाको अभिलेख राख्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बिदाको अभिलेखको एक प्रति उतार सम्वन्धितनगर प्रहरीलाई समेत दिनु पर्नेछ ।

३२. **सट्टा बिदा :**

(१) नगर प्रहरी र वारुण यन्त्र सेवामा कार्यरत कर्मचारीले सार्वजनिक विदाका दिनमा पनि काम गर्नुपर्दा काम गरे वापत सट्टा तलबी बिदा पाउनेछ र त्यस्तो





विदा एक वर्षमा भित्रमा आलोपालो मिलाई बस्नु पर्नेछ ।

(२) नगरपालिकाले ऐनमा व्यवस्था भएको अधिकार प्रयोग गरी तोकेको विदा भने नगर प्रहरीले पाउनेछन् ।

## परिच्छेद–६
## विविध

३३. **तलब भत्ता :**

(१) नगर प्रहरीले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा संघीय ऐनको दफा ८८ लाईआधार मानी नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नगरपालिकाले नगर प्रहरीलाई आफ्नो आर्थिक अवस्था हेरी थप सुविधा दिन सक्नेछ ।

३४. **काज खटाउने :** कुनै नगर प्रहरीलाई प्रमुख प्रशासकीयअधिकृतले काज खटाउन सक्नेछ ।

३५. **तालिम :**नगर प्रहरीको कार्यक्षमता बृद्धि गर्न नगरपालिका आफैले तालिमको आयोजना गर्न वानेपाल प्रहरी वा अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

३६. **राजीनामा:**नगर प्रहरीले आफ्नो पदबाट दिएको राजीनामा प्रमुख प्रशासकीयअधिकृतलेस्वीकृत गर्नेछ ।

३७. **अनिवार्य अवकाश:**(१)संघीय तथा प्रदेश कानूनमा व्यवस्था भएमा बाहेक नगर प्रहरीकोउमेरको हद ५८ वर्ष पुरा भएपछि अनिवार्य अवकाश दिइनेछ ।

३८. **दशैं खर्च पाउने :**नगर प्रहरीले खाई पाई आएको एक महिनाको तलब बर बरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिन अगाडि दशैं खर्चको रुपमा पाउनेछ । दशैं खर्च दिंदा बडा दशैं बिदा भन्दा अघिल्लो महिना भुत्तान भई नसकेता पनि सो महिनाको तलब समेत खर्च लेखि भुक्तानी दिनु पर्नेछ ।

३९. **नगर प्रहरीको आचरण :** नगरप्रहरीले देहायको आचरणको पालना गर्नुपर्नेछ :

(क) नगरपालिकाको काममा कुनै प्रकारले असर पर्नसक्ने गरी नगर

पालिकाको पूर्व स्वीकृति विना कसैबाट कुनै प्रकारको दातव्य, कोसेली, उपहार आफूले स्वीकार गर्नु र आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्न दिनहुँदैन । विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा नगरपालिकामा सो कुराको सूचना दिई निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

(ख) नगरपालिकाको पूर्व स्वीकृती विना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिन हुँदैन ।

(ग) आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यका नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागेको मोल समेतको जानकारी प्रमुख प्रशासकीय अधिकृतमार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) हाल वहाल रहेका कर्मचारीले यो ऐन लागू भएको एक महिनाभित्र तथा नयाँ भर्ना हुने कर्मचारीले आफू नियुक्ति भएको एक महिनाभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा भएको चल अचल सम्पत्ति, शेयर, बैंक ब्यालेन्सको विवरण, जवाहरत, सुन, चाँदी समेतको विवरण प्रमुख प्रशासकीय अधिकृतमार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ङ) नगर प्रहरीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिन भित्रमा नगर पालिकामा पेश गर्नुपर्नेछ ।

च) नगरपालिकाको लागि गरिने कुनैपनि कामको ठेक्का, टेण्डर, बोलपत्र आफै वा आफ्नो परिवारको कुनै सदस्यको नाममा लिन हुँदैन ।

(छ) नगरपालिकाको कामसंग सम्बन्ध भएको कुनै व्यक्तिसँग सापट लिन वा निजको आर्थिक कृतज्ञतामा पर्न हुँदैन । तर बैंकसँग लेनदेन हुदा यो नियम लागुहुने छैन ।

(ज) कुनै किसिमको गैरकानुनी फाटका, जुवातास खेल्न खेलाउन हुँदैन ।

(झ) नगरपालिकाको पूर्व स्वीकृती विना कुनै बैंक वा कम्पनीको स्थापना रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन हुँदैन् ।

(ञ) नगरपालिकाबाट अख्तियार नपाई आफूले लेखेको वा प्राप्त गरेको कुनै कागजपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत व्यक्ति, संस्था, निकाय वा संचार माध्यमलाई सूचना गर्न हुदैन ।

(ट) संघीय र प्रदेश सरकार वा नगरपालिकाको काम कारवाहिमा प्रतिकूल प्रभाव पर्नेगरी कुनै पत्र पत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्न वा रेडियो वा टेलिभिजनद्वारा प्रसारण गर्न हुँदैन ।





(ठ) नगरपालिकाको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुदैन ।

(ड) नगरपालिकाबाट निर्धारित समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनुपर्छ र बिदाको निकासा नलिई आफ्नो काममा अनुपस्थित हुनुहुदैन ।

(ढ) कार्यालयको गोपनीयता भङ्ग गर्न हुदैन ।

(ण) नगरपालिकाको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई शीघ्रता र परिश्रमका साथ पूरागर्नु पर्छ ।

(त) नगर प्रहरीले आफूभन्दा माथिका सवै जनप्रतिनिधि तथा अधिकृतप्रति उचित आधार देखाउनु पर्छ ।

(थ) आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिका अधिकृत माथि कुनै राजनैतिक वा अरु अवान्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने वा प्रयत्न समेत गर्न हुदैन ।

(द) कुनै नगर प्रहरीलेप्रचलित कानून विपरित हुने गरी विवाह गर्न गराउन हुदैन ।

(ध) कुनैपनि राजनैतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुदैन । तर प्रचलित कानून बमोजिम पाएको मताधिकार प्रयोग गर्न भने बन्देज लगाएको मानिने छैन ।

(न) आफ्नो जिम्मामा रहेको सरकारी नगदी, जिन्सी वा अन्य कागजात जे जति छ सवै तोकिएको म्यादभित्र बुझाउनु पर्छ र बुझिलिनु पर्नेले पनि तोकिएको म्यादभित्र बुझिलिनु पर्नेछ ।

४०. नगर प्रहरीको काम कर्तव्यःनगर प्रहरीले प्यूठान नगरपालिका प्रति बफादार रही देहाय बमोजिमको काम, कर्तव्य सम्पादन गर्नुपर्नेछ :

(१)नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्नु गराउनु ।

(२) संघीय तथा प्रदेश सरकारको निर्णय, निर्देशन कार्यान्वयन गर्न गराउनु समन्वय र सहयोग गर्नु गराउनु ।

(३) नगरपालिकाको चल अचल सम्पत्ति संरक्षण गर्नु गराउनु ।

(४) प्रमुख लगायत निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुको सुरक्षा गर्नु गराउनु ।

(५) नगरपालिकामा हुने सभा, समारोहमा, परम्परागत जात्रा, चाडपर्व, मेला, खेलकुद प्रतियोगितामा सुरक्षा निकायसँग समन्वय गरी सुरक्षा व्यवस्था

मिलाउने ।

(६) नगरपालिकाको कर संकलन कार्यमा प्रभावकारी भूमिका निर्वाह गरी करको दायरा बढाई कर संकलन गर्ने कार्यमा सहयोग गर्ने ।

(७) नगरपालिकाको बजारमा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(८) ट्राफिक प्रहरीसँग समन्वय गरी ट्राफिक व्यवस्थापनमा सहयोग गर्ने ।

(९) नगरपालिकाको सरसफाई सम्बन्धि मापदण्डको कार्यान्वयन गर्न गराउने ।

(१०) जथाभावी फोहोर फाल्ने व्यक्तिलाई कारवाहि गर्न कारवाहिको प्रक्रिया अगाडि बढाउने ।

(११) न्यायीक समितिले गरेको निर्णय, मिलापत्र तथा फैसला कार्यान्वयन गर्न गराउने ।

(१२) सार्वजनिक ऐलानी र पर्ति जमिन, सार्वजनिक भवन, साँस्कृतिक, ऐतिहासिक सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्न गराउने ।

(१३) दमकल परिचालन गर्ने ।

(१४) विपद व्यवस्थापन सम्बन्धि खोजी, उद्धार राहत तथा पुनर्स्थापना कार्य गर्ने र अन्य निकायसँग समन्वय गरि सहयोग गर्ने ।

(१५) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

(१६) बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(१७) छाडा पशु चौपायाको नियन्त्रण, विना धनीको कुकुर र जङ्गली पशुको नियन्त्रण गर्ने र बन्ध्याकरण सहयोग गर्ने ।

(१८) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमणलाई रोकथाम र नियन्त्रण गर्ने ।

(१९) भवन निर्माण तथा सडक सम्बन्धी कानूनी व्यवस्था र मापदण्ड लागू गराउने ।

(२०) नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**४१. उपदान :**

(१) नगर प्रहरीले लगातार ५ वर्ष सेवा गरेवापत नगर कार्यपालिकाले तोकेबमोजिम उपदान स्वरुप आर्थिक सुविधा पाउनेछन् ।

(२) उपनियम (१) बमोजिम नगर कार्यपालिकाले नियम बनाई उपदानको व्यवस्था गर्न सक्नेछ ।

**४२. बिमा :**

(१) नगर प्रहरीलाई बिमाको सुविधा कार्यपालिकाले तोकिए बमोजिम गरिनेछ ।





(२) नगर प्रहरी कार्यालयको काममा कार्यरत रहदा कुनै दुर्घटनामा परेमा नगरपालिकाले बिमाको रकमबाट उपचार खर्च उपलब्ध गराउने छ ।

**४३. करार सेवा वा सेवा करारमा नगर प्रहरी नियुक्ति गर्ने प्रक्रिया:**

(१) नगरपालिकामा यस कार्यविधि बमोजिम सेवा करारमा आवश्यक नगर प्रहरी नियुक्त गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीयअधिकृत - संयोजक

(ख) स्थानीय सशस्त्र प्रहरी बलको अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(ग) स्थानीयजिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(घ) स्थानीय प्रहरी कार्यालयको प्रहरी अधिकृत स्तरको प्रतिनिधि - सदस्य

(ङ) संयोजकले तोकेको प्रशासन शाखा हेर्ने अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित छनौट समितिले लोक सेवा आयोगले तोके अनुसारको कार्यविधि आफैं निर्धारण गरी कार्य गर्नेछ ।

**४४.** "नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७६" लाई अझ बढी प्रभावकारी ढङ्गबाट लागू गर्न नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

## अनुसूची -१
(दफा ९ सँग सम्बन्धित)
शैक्षिक योग्यता र उमेर

| क्र.सं. | पद | तह | आवश्यक शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|
| १ | नगर प्रहरी नायब निरीक्षक | सहायकस्तर पाँचौं | कुनै पनि विषयमा प्रमाण पत्र तह वा प्लस टु वा १२ कक्षा उत्तीर्ण, स्वस्थ्य अवस्था तन्दुरुस्त भएको । प्रहरी वा सुरक्षा सेवामा कम्तिमा ३ वर्षको अनुभव भएको । | २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको |
| २ | नगर प्रहरी सहायक निरिक्षक | सहायकस्तर चौथो | कुनै पनि विषयमा एस.एल.सी. वा एस.इ.इ.वा सो सरह उत्तीर्ण, स्वास्थ्य अवस्था तन्दुरुस्त भएको । प्रहरी वा सुरक्षा सेवामा कम्तिमा ३ वर्षको अनुभव भएको । | २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको |
| ३ | नगर प्रहरी हवल्दार | सहायकस्तर तेस्रो | कुनै पनि विषयमा एस.एल.सी. वा एस.इ.इ.वा सो सरह उत्तीर्ण, स्वास्थ्य अवस्था तन्दुरुस्त भएको, प्रहरी वा सुरक्षा सेवामा कम्तिमा ३ वर्षको अनुभव भएको । | २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको |
| ४ | नगर प्रहरी जवान | सहायकस्तर दोश्रो | एस.ई.ई वा सो सरहउत्तीर्ण, स्वास्थ्य अवस्था तन्दुरुस्त भएको । | १८ वर्ष पुरा भ वर्ष २५ वर्ष ननाघेको |
| ५ | नगर प्रहरी सवारी चालक | श्रेणी विहिन | सामान्य लेखपढ गर्न र हेभी सवारीका लागि हेभी सवारीचालक/हलुका सवारीका लागि हलुका सवारी चालक अनुमति पत्र लिई कम्तिमा ५ वर्षको कार्य अनुभव हासिल गरेको । | ४५ वर्ष ननाघेको । |

## अनुसूची -२
(दफा ९ सँग सम्बन्धित)
विज्ञापनको तरिका

| क्र.सं. | विज्ञापनप्रकाशित गर्ने माध्यम | दरखास्त दिने म्याद |
|---|---|---|
| १ | पत्र पत्रिका, स्थानीय एफ.एम.रेडियो र इन्टरनेट/वेव साइटमा प्रकाशित गर्नुपर्ने | प्रथम पटक सूचना प्रकाशित मितिले १५ दिनभित्र दरखास्त दिइसक्नु पर्ने |

**अनुसूची -३**
**(दफा ९ सँग सम्बन्धित)**
**परीक्षाको प्रकार**

| क्र. सं. | परीक्षाको प्रकार |
|---|---|
| १ | स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती, लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा हुनेछ /एक पदमा तीसभन्दा बढी उम्मेदवार भएमा संक्षिप्त सूची प्रकाशित (SHORT LIST) गरिने छ । |

आज्ञाले
टोपेन्द्र वहादुर के.सी.
२०७६/७/२०